# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १४ कार्तिक २०८०

# मङ्गलवार

# बैठक सङ्ख्या- ४५

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:४९ बजे प्रारम्भ भयो ।

(१६:५० बजे) **सम्मानीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

(१६:५० बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्मानीय अध्यक्षज्यू, दाङ, घोराही-तुलसीपुर सडक अत्यन्तै जीर्ण छ, धुलाम्य छ । सडक जीर्ण र अधुरो पुल निर्माण, धुलाम्य सडक आदिका कारण नागरिकले सास्ती भोग्नुपरेको छ । जोखिमपूर्ण यात्रा गर्दा धेरैको ज्यान गइसकेको छ, अझै कतिको जाने हो । सम्बन्धित निकायको ध्यान जान सकेको छैन । सम्मानीय प्रधानमन्त्री आकाशमार्ग हेलिकप्टरबाट दाङ पुग्नुहुन्छ । घोराही-तुलसीपुर सडक अवस्था बारे राज्य बेखबर भएको महसुस भएको छ । तसर्थ, म हार्दिकताका साथ सम्मानित

सभाका माध्यमबाट आग्रह गर्दछु कि प्रधानमन्त्रीज्यू दाङ, घोराही-तुलसीपुर सार्वजनिक यातायातबाट यात्रा गरी दङ्गाली जनताको सास्ती महसुस गर्न । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कुमार दसौदी ।

**(१६:५१ बजे) <u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, महोदय, यो शून्य समयमा मैले धेरै कुराभन्दा पनि हामी सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा IPU 157 को बैठकमा Angola मा पुगेर फर्कियौं । नेपालको ओजपूर्ण उपस्थित रहेको म जानकारी गराउँछु । र नेपालले voting गरेको Tanzania का, मैले नाम चैं diary मा टिपेको, छुट्यो । नेपालले voting गरेको मान्छे अहिले IPU को chairman को रूपमा विजयी हुनुभएको जानकारी यो संसदलाई जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

**(१६:५२ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, पृथ्वी राजमार्गलगायत धेरै राजमार्गहरू निर्माणका क्रममा र मर्मत संभारका क्रममा चैं त्यहाँ निकै धुलो र हिलोहरूको अवस्था छ । यात्राहरू निकै सकसपूर्ण र सास्तीपूर्ण भएको छ । चाडबाडको बेलामा पनि त्यो यात्राहरू निकै सास्ती भएको थियो । तीन/चार घण्टाको बाटोहरूलाई एकै दिन लाग्ने जस्तो पनि देखिएको छ । र यसलाई अब सरल र सहज यात्राका लागि चैं, सुरक्षित यात्राका लागि चैं अब यो सरकारले शीघ्र निर्माण गर्नुपर्‍यो, त्यो मर्मत संभार पनि यथाशीघ्र गर्नुपर्‍यो, निर्माण कार्य पनि यथाशीघ्र गर्नुपर्‍यो । म सम्बन्धित निकाय, नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदछु । धन्यवाद ।

**(१६:५२ बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँछु ।

**विषयः कार्यभार तोकिएको सम्बन्धमा ।**

माननीय वन तथा वातावरण मन्त्री विरेन्द्र प्रसाद महतो श्रीलङ्कामा आयोजना हुने "Fifth Forum of Ministers and Environment Authorities of Asia Pacific" मा सहभागी हुन संवत् २०८० साल असोज १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ इन्डोनेसियामा आयोजना हुने "एसियन-अफ्रिकन कानुनी परामर्शदातृ संस्था" (ए.ए.एल.सी.ओ.) को एकसट्ठीऔं वार्षिक सभामा सहभागी हुन संवत् २०८० साल असोज २६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला भारतको मुम्बईमा आयोजना हुने "Global Maritime India Summit 2023" विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठ जनवादी गणतन्त्र चीनमा आयोजना हुने "Third Belt and Road Forum for International Cooperation" अन्तर्गत "High Level Forum on Green Development" विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री स्वयम्ले सम्हाल्नुहुने बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०६/२६

माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेत Thailand को Bangkok मा आयोजना हुने "Third Pacific Energy Forum" कार्यक्रममा सहभागी हुन संवत् २०८० साल कार्तिक १ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयम्ले सम्हाल्नुहुने बेहोरा अनुरोध गर्दछु।

माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव भारतको नयाँ दिल्लीस्थित मेदान्त अस्पतालमा स्वास्थ्य उपचारको लागि निजी भ्रमणमा संवत् २०८० साल असोज ३० गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०६/३०

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई निर्वाचन आयोग, नेपालको सोह्रौं वार्षिक प्रतिवेदन २०७८/७९, राष्ट्रिय दलित आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७९/८०, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तेत्तिसौं वार्षिक प्रतिवेदन २०७९/८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१६:५६ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदयको अनुमतिले निर्वाचन आयोग, नेपालको सोह्रौं वार्षिक प्रतिवेदन २०७८/७९, राष्ट्रिय दलित आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७९/८०, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तेत्तिसौं वार्षिक प्रतिवेदन २०७९/८० सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१६:५७ बजे) **विधायन व्यवस्थापन समितिका माननीय सभापति श्री जयन्ती देवी राईः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**छलफल तथा निर्णयहरूः**-

आज समितिका माननीय सभापति (यो पर्दैन होला है.....) जयन्ती देवी राईको सभापतित्वमा बसेको बैठकमा "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" माथि दफावार छलफल समाप्त भयो । छलफलमा प्रस्तुतकर्ता माननीय सदस्यहरू र सम्बन्धित मन्त्रालय एवम् कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीले आफ्नो धारणा राख्नुभयो । र संलग्न निर्णयबमोजिम प्रतिवेदन पारित, पारित प्रतिवेदन सभाका आगामी बैठकमा पेस गर्ने । तदनन्तर, समितिको अर्को बैठक आज दिनको १ बजे विद्युतीय व्यापार विधेयकसम्बन्धी छलफल गर्ने बैठक सम्पन्न भयो । धन्यवाद ।

(१६:५८ बजे) **सम्माननीय अध्यक्षः**- .....[1]

माननीय सदस्यहरू, अब म माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१६:५९ बजे) **माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१७:०० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

---

[1] सच्याइएको

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियामवली, २०७५ को नियम १८४ को उपनियम (१) बमोजिम सभाका १० दिनभन्दा बढी बैठकमा अनुपस्थित रहनुहुने देहाय बमोजिमका माननीय सदस्यहरूको सूचना सोही नियमावलीको उपनियम (४) बमोजिम सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु।

| क्र.सं. | सदस्यको नाम | कारण | अवधि |
|---|---|---|---|
| १. | माननीय दिपा गुरुङ | अष्ट्रेलियामा छोरी बिरामी भइ हेरचाह गर्न जानुपरेको | २०८० साउन २१ गतेदेखि २०८० मङ्सिर ३० सम्म जम्मा बैठक ११ |
| २. | माननीय कृष्ण प्रसाद पौडेल | उपस्थित हुन असमर्थ रहेको | २०८० असार ०६ गतेदेखि २०८० असार ३० सम्म जम्मा बैठक १४ |
| ३. | माननीय दुर्गा कुमारी गुरुङ | भेटघाटको सिलसिलामा विदेश जानुपरेकोले | २०८० असार २७ गतेदेखि २०८० पुस १५ सम्म जम्मा बैठक १८ |
| ४. | माननीय जगत बहादुर पार्की | विरामी भई उपचार गराउनुपर्ने भएकोले | २०८० असार १९ गतेदेखि २०८० साउन १० सम्म जम्मा बैठक १० |

| | | | |
|---|---|---|---|
| ५. | मोहम्मद खालिद | हजको सिलसिलामा देश बाहिर जानुपरेकोले | २०८० जेठ १९ गतेदेखि हज अवधि सम्म जम्मा बैठक १४ |
| ६. | माननीय नुरपति लुवार | विरामी भई उपचार गराउनुपर्ने भएकोले | २०८० जेठ २६ गतेदेखि २०८० साउन २१ गतेसम्म जम्मा बैठक १९ |

माननीय सदस्यहरू, अब म उल्लिखित अनुपस्थितिका सूचनाहरूलाई सभाको स्वीकृति जनाइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरूले टेबुल ठोकेर स्वीकृति जनाउनुभएको ।

माननननीय सदस्यहरू उल्लिखित माननीय सदस्यहरूको अनुपस्थितिका सूचनाहरू सभाबाट स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १७:०२ बजे ।**